कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनवारी, झापा ।
१ नं. प्रदेश, नेपाल

दरभाउ पत्र नम्बर:KANAKAI/SQ/04/GOODS/2078-079

## शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

(तेस्रो पटक प्रकाशित मिति: २०७९ /०१/०६)

यस कनकाइ नगरपालिकाको आ.व.२०७८/७९का लागि आवश्यक पर्ने तपशिल बमोजिमको मेशिनरी सामाग्री शिलबन्दी दरभाउपत्रको माध्यमबाट (ढुवानी तथा जडान समेत गर्ने गरी) खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त रजिष्टर्ड निर्माता कम्पनी/फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

तपशिल:

| सि.नं | सामग्रीको विवरण | परिमाण | फारम शुल्क | धरौटी रकम | लगत स्टमेट |
|---|---|---|---|---|---|
| १ | होलो ब्लक बनाउने मेशिन | १ सेट | रु.१,०००/- | कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम | रु ११,१९,०३९/- |
| २ | मिक्चर मेशिन (बीथ ५ हर्षपावर) | १ सेट | | | |
| ३ | ठेला | २ थान | | | |
| ४ | पार्केटिङ टायल्सको लागि भाईब्रेटर टेबल (१०*२.५) | १ सेट | | | |
| ५ | पान मिक्चर ५ एम.पि.ए. | १ थान | | | |
| ६ | मिक्चर | १ थान | | | |
| ७ | मलिक (३ किसिमको टालि बनाउने) | पिस | | | |
| ८ | विजुलि आईटम<br>मेन स्विच<br>टि स्विच<br>तार<br>वसवार<br>भोल्ट मिटर<br>होल्डर | <br>१ थान<br>४ थान<br>४ वण्ड<br>१ थान<br>१ थान<br>३ सेट | | | |

शर्तहरू:-

१. दरभाउ पत्र पेस गर्न इच्छुक कम्पनी/फर्म वा आपूर्ति कर्ताहरूले फर्म वा व्यवसाय दर्ता प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व.२०७७/७८ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म यस कार्यालयको राजस्व शाखा वा यस कार्यालयको नाममा ने.बै.लि. सुरुङ्गा शाखामा रहेको आन्तरिक राजश्व खाता नं १४७०३०००००१००१०००००१ मा रकम जम्मा गरेको नगदी रसिद पेश गरी प्रशासन शाखाबाट दरभाउपत्र खरिद गर्न सक्ने छन्।

२. खरिद भएका दरभाउ पत्र सम्बन्धी कागजात १६ औ दिनको १२ बजे सम्म यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नं.,दरभाउ पत्र दाताको नाम,ठेगाना र सम्पर्कनम्बर समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सहिछाप समेत गरी शिलबन्दी खाम पेस गर्नु पर्नेछ।

३. दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेख भएका सम्पूर्ण विवरणहरू भर्नुपर्नेछ। प्राप्त भएका दरभाउपत्रहरू पेस गर्नु पर्ने दिनको २ बजे कार्यालयका प्रतिनिधिहरू र दरभाउ पत्र दाता वा निजका आधिकारिक प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

४. दरभाउपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा सोही बमोजिम हुनेछ।

५. दरभाउपत्रको कबोल रकमको ५ प्रतिशत रकम यस कार्यालयको नाममा ने.बै.लि. सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं १४७०३००००३०००००००१ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा सो बराबरको नेपाल राष्ट्र बैकबाट"क" वर्गको मान्यता प्रास बैकबाट वा कुनै वाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन एवम् ठेक्का नं.अनिवार्य रूपमा उल्लेख भएको दरभाउपत्र जमानत (दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन सम्म म्याद भएको) पेश गर्नु पर्नेछ। बैक मार्फत दरभाउ पत्र जमानत पेशगर्नेको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको दरभाउपत्र जमानत फाराम अनुसारनै पेस भएको मात्र मान्य हुनेछ।

६. दरभाउपत्रदाताले दरभाउपत्रमा दररेट भर्दा मूल्यअभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ। दरभाउपत्रमा प्रत्येक आइटमवाईज दर अंक र अक्षर दुबैमा स्पष्ट लेखि प्रत्येक पानामा सहीछाप गरेको हुनु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकालाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा दरभाउपत्र दाताको सहीछाप भएको हुनु पर्नेछ।

७. नक्कली कागजात पेस गरी वा मिलेमतो गरि दरभाउपत्रमा भाग लिएको पाइएमा सो दरभाउपत्र रद्द गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिने छ। म्याद नाघी आएको, रीत नपुगेको र सशर्त पेश भएकाको दरभाउ पत्रहरू मान्य हुने छैन।

८. सप्लाई गर्ने सामाग्रीहरू दरखास्त फाराम साथ संलग्न सामग्रीहरूको विवरण तथा नमुनाहरू बमोजिम हुनुपर्नेछ।

९. दरभाउपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक वा आईटमवाईज रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

१०. यस सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ।

११. दरभाउ पत्रसाथ पेस गर्नु पर्ने कागजातहरु:

- कम्पनी, फर्म, व्यवसाय वा आपूर्तिकर्ताको प्रमाणपत्रको प्रतिलिपि,
- मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- आ ब २०७७/०७८ को कर चुक्ता पुर्जाको प्रतिलिपि,
- तोकिएको बैकमा धरौटी जम्मा गरेको बैक भौचर ।

१२. यो सूचनाको विस्तृत विवरण र स्पेशिफिकेशन यस कार्यालयको वेभसांईट www.kankaimun.gov.np मा हेर्न सकिनेछ ।

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुरुङ्गा, झापा
१ नं. प्रदेश, नेपाल

मोहन प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

यस कनकाई नगरपालिका वडा नम्वर ७ मा श्री श्रमिक स्वालम्वन उद्योग लि.ले पेश गरेको

सामाग्रीहरुको विवरण तथा उक्त कार्यको स्पेशिफिकेसन ।

| सि न | सामाग्रीको विवरण | स्पेशिफिकेसन | | दर |
|---|---|---|---|---|
| १ | हेलो व्लक वनाउने मेसिन । | Type: Hollow Block Making Machine, Paving Block Making Machine, I<br>Processing : Brick Production Line<br>Warranty: 1 Year<br>Production Capacity : 2000-2500जpcs/Day (Pieces/8 hours): | | |
| २ | मिक्चर मेसिन विथ ५ हर्स पावर । | Engine: Diesel/Gasoline<br>Discharge Way: Manual Handle<br>Warranty: 1 Year<br>Engine: Diesel/Gasoline | | |
| ३ | ठेला | | | |
| ४ | पार्केटिङ् टायल्सको लागि भाईब्रेटर टेवल (१०x२.५) | Type | Vibro Type | |
| | | Usage/Application | Construction | |
| | | Max Weight | 400 kg | |
| | | Material | Iron | |
| | | Automation Grade | Semi-Automatic | |
| | | Phase | Single Phase, 3 Phase | |
| | | Capacity | 2500-3500 Per Day | |
| | | Frequency | 50 Hz | |
| ५ | पान मिक्चर | Discharge Way: manual/hydraulic /electric<br>Warranty: 1 Year<br>Water Supply Mode: manual<br>Engine: Diesel Gasoline Electric | | |
| ६ | मिक्चर | Engine: Diesel/Gasoline<br>Discharge Way: Manual Handle<br>Warranty: 1 Year<br>Engine: Diesel/Gasoline | | |
| ७ | मलिक ( ३ किसिमको टालि वनाउने ) | ype: paver block moulds plastic mold<br>Operation: very easy,can make tiles by yourself<br>Lifetime: more than 800 times | | |
| ८ | विजुलि आईटम<br>मेन स्विच<br>टि स्विच<br>तार<br>वसवार<br>भोल्ट मिटर<br>होल्डर | | | |

मोहन प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत